मकवानपुरगढीः जीर्णोद्धारपछि व्यवस्थित र सुन्दर हुँदै । पृष्ठ ४ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-१६ ● २०८० कार्तिक १३ गते सोमबार, ● 30 Oct., 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## चित्लाङ-चन्द्रागिरी प्याराग्लाईडिङमा करोडको लगानी, उडान सुरू



◆ विकास संवाददाता

राजधानीको चित्लाङ-चन्द्रागिरीमा प्याराग्लाइडिङ उडान सुरू भएको छ । कास्कीका बाबु एड्भेन्चर्स प्याराग्लाइडिङ प्रालिका सञ्चालक तथा प्याराग्लाइडिङ पाइलट सानोबाबु सुनुवारले चन्द्रागिरी चित्लाङ क्षेत्रमा प्याराग्लाइडिङ सञ्चालनमा ल्याएको छ ।

दशैं, तिहार र छठ पर्वको अवसरमा विशेष छुटसहित चित्लाङ क्षेत्रमा आफूले प्याराग्लाइडिङ सञ्चालनमा ल्याएको उनले बताए । प्याराग्लाईडिङ उडान क्षेत्र राजधानीको शहरी क्षेत्रदेखि नजिकैको दूरीमा रहेकाले आकाशमा चरा जस्तै उडेर काठमाडौं शहर, चित्लाङ गाउँ, चन्द्रागिरी क्षेत्र, उत्तरी भेगमा अवस्थित अग्ला सेता हिमालहरू हेर्न सकिन्छ ।

चन्द्रागिरीमा प्याराग्लाइडिङ उडान सञ्चालनमा ल्याउन करिब एक करोड रूपियाँ लगानी लागेको सुनुवारले बताए । उनले भने, 'यो उडान हाम्रो कम्पनी बाबु एड्भेन्चर्स प्याराग्लाइडिङ प्रा.लि.अन्तर्गत चन्द्रागिरीमा सुरु गरेको हो । यो कम्पनीको प्रधान कार्यालय स्याङ्जामा छ भने प्याराग्लाइडिङ उडान दाङ, रामेछाप, पोखरा, सुर्खेत, लमजुङ सुरू भइसकेको छ । अहिले काठमाडौंमा पनि सुरू भएको छ ।'

प्याराग्लाइडिङ गर्ने सपना भएका काडमाडौं उपत्यकावासीहरूलाई यसले सहज बनाउने सुनुवारले बताए । चन्द्रागिरी डाँडाबाट प्याराग्लाइडिङ उडान गराएर चित्लाङमा अवतरण गराइन्छ । चित्लाङ क्षेत्र पर्यटकीय क्षेत्र पनि हो । चन्द्रागिरीमा प्याराग्लाइडिङ सुरू गर्न आफूलाई छ बर्ष समय लागेको सुनुवारले बताए । उनले अहिले छ जना पाइलट राखेको बताउँदै माग बढे अफ थप्ने बताए ।

सुनुवारले भने, 'अहिले विशेष प्याकेज ल्याएका छौं । कोही एक रात चित्लाङमा बसेर प्याराग्लाइडिङ गर्ने नेपालीहरूलाई १२ हजार रूपियाँ मूल्य राखेका छौं । यातायाता सुविधासहित प्याराग्लाइडिङ मात्र गर्ने हो भने आठ हजार, आफ्नै यातायातमा प्याराग्लाइडिङ गर्न आउनेलाई सात हजार दुई सय मूल्य राखेका छौं । यसमा फोटो, भिडियोसमेत समावेश छ ।' विदेशी पर्यटकहरूको लागि भने फोटो, भिडियो र यातायातसहित प्रतिव्यक्ति ११ हजार पाँच सय शुल्क कायम गरिएको छ । दैनिक सयभन्दा बढीले प्याराग्लाइडिङबारे सोधपुछ गर्ने गरेको सुनुवारले सुनाए । उनले प्याराग्लाइडिङ पाइलटहरू अन्तर िष्टियस्तरका तालिमप्राप्त पाइलट राखेको बताउँदै उनीहरूको विशेष बीमा समेत आफूहरूले गराएको बताए ।

सुनुवार भन्छन्, 'चन्द्रागिरी एक मात्र यस्तो ठाउँ हो जहाँ अलिकति उच्च छ । दुई हजार २३ मिटरबाट उडेर एक हजार सात सय मिटरमा ल्याडिङ गर्ने हो । चित्लाङमा इन्द्रसरोबर छ । त्यो पनि प्याराग्लाइडिङ उडान गर्दा देखिन्छ ।' उनले ४५ जनालाई रोजगारी पनि दिएको बताए । नेपालमा साहसिक पर्यटनभन्दा ठूलो उद्योग सायदै छ होला भन्दै सुनुवारले साहसिक पर्यटनमा राज्यले पनि विशेष प्राथमिक्तामा राख्यो भने अर्थतन्त्रमा टेवा पुग्ने बताए ।

## हेटौंडा उपमहानगरपालिकाको

# राजश्व संकलन करोड नाघ्यो

विकास संवाददाता
थाहानगर

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को प्रथम त्रैमासिकमा गतवर्षभन्दा ८६ लाख रूपैयाँ बढी राजश्व संकलन गरेको छ । गत आर्थिक वर्ष २०७९/८० को प्रथम त्रैमासिक (साउन, भदौ र असोज) मा उठाइएको राजश्व रकमभन्दा चालु आर्थिक वर्षको सोही अवधिमा संकलित राजश्व ८६ लाख अर्थात् ३५ दशमलव ७४ प्रतिशतले बढी हुन आएको हो ।

एक वर्षको अन्तरालमा प्रथम त्रैमासिकभित्र झण्डै एक करोड रूपैयाँ बढी राजश्व संकलन गर्नुलाई उपमहानगरले आर्थिक प्रगतिको रूपमा लिएको छ । उपमहानगरले गत आव २०७९/८० को प्रथम त्रैमासिकमा १० करोड २६ लाख २१ हजार एकसय ७७ रूपैयाँ संकलन गरेको थियो । त्यसको ठीक एक वर्षपछि अर्थात् चालू आव २०८०/८१ को प्रथम त्रैमासिकमा ११ करोड १३ लाख चारसय १९ रूपैयाँ संकलन गरेको हो । गत आवभन्दा चालू आवको प्रथम त्रैमासिकमा संकलित राजश्व रकम ८६ लाख ७९ हजार दुईसय ४१ बढी उठेको उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए ।



उपमहानगरले चालु आवमा ३१ करोड १४ लाख ५५ हजार रूपैयाँ आन्तरिक राजश्व संकलन गर्ने अनुमान गरेको छ । हालसम्म संकलित राजश्वको आंकलन गर्दा वार्षिकरूपमा अनुमान गरि एको भन्दा बढी संकलन हुन सक्ने अनुमान गरिएको प्रवक्ता न्यौपानेले बताए ।

राजश्व परामर्श समिति सदस्यसमेत रहेका न्यौपानेका अनुसार कर प्रशासनलाई चुस्त बनाउँदै करको दरभन्दा दायरा बढाउने काममा आफूहरू सक्रिय रहेको बताए । चालु आवको समीक्षा अवधिमा करिब १ करोड बढी राजश्व संकलन हुनु प्रगतिको रूपमा रहेको उनले बताए । 'नदीजन्य पदार्थको ठेक्का बन्दोबस्त गर्न आईईई स्वीकृत नभएका कारण समस्या परिरहेको भन्दै त्यसको बाबजुद पनि आन्तरिक आयको लक्ष्य प्राप्तिको लागि उपमहानगर लागिरहेको छ', प्रवक्ता न्यौपानेले भने । राजश्व संकलन कार्यलाई सहज, व्यववस्थित बनाउँदै चुस्त, दुरूस्त सेवा प्रदान गरिएकोले बढी राजश्व संकलन भएको प्रवक्ता न्यौपानेको भनाइ छ ।

## थाहानगरमा जेसीज कोषध्यक्षहरूको फेलोसिप मिट हुने

◆ विकास संवाददाता

*मकवानपुरको थाहा नगरपालिकामा नेपाल जेसीज अन्तरगतका शाखा कोषध्यक्षहरूको फेलोसिप मिट हुने भएको छ । फेलोससिप मिट पालुङ जेसीजले आयोजना गर्ने भएको हो । आगामी कात्तिक १७ र १८ गते थाहा नगरपालिका वडा नंम्बर २ फाँटबजारमा रहेको 'डाँडाँघरे बाको होमस्टे' मा फेलोसिप मिट हुने भएको हो ।*

*प फेलोसिप मिट मकवानपुर जिल्लमा रहेका ८ वटा शाखाको सहआयोजना रहने पालुङ जेसीजका कोषाध्यक्ष माधव कार्कीले जानकारी दिए । मकवानपुरमा पालुङ जेसीजको साथै, हेटौंडा जेसीज, हेटौंडा लेडी जेसीज, बसामाडी जेसीज, बस्तीपुर जेसीज, बकैया जेसीज, मकवानपुरगढी जेसीज, चैनपुर जेसीज क्रियाशिल छन् । कोषाध्यक्ष कार्कीका अनुसार फेलोसिप मिटमा नेपाल जेसीज अन्तरगत १ सय ७८ वटा शाखाका कोषाध्यक्षहरू लगायत शाखाका पदाधिकारीहरू र नेपाल जेसीजका पदाधिकारीहरूको सहभागिता हुनेछ ।*

*कार्यक्रमका लागि हालसम्म ५० जना भन्दा बढीको रजिष्ट्रेसन भईसकेको कोषाध्यक्ष कार्कीले जानकारी दिए । कार्यक्रममा मकवानपुरको र थाहा नगरको पर्यटकीय स्थलहरूको बारेमा जानकारी गराईनुका साथै थाहा नगरको अध्ययन अवलोकन गराईने भएको छ ।*

*थाहानगरको पर्यटन प्रवर्द्धनका लागि यस कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष संगम कार्कीले बताए । कार्यक्रमकै अवसरमा चित्लाङमा प्याराग्लाईडिङ, पालुङ आग्रा पदयात्रा, कुलेखानी ईन्द्रसरोवरमा बोटिङ गर्न सकिने पनि आयोजक पालुङ जेसिजले जनाएको छ ।*



## • सम्पादकीय •

# बढ्दो कृषि यान्त्रिकरण

हालै सार्वजनिक राष्ट्रिय कृषि गणना २०७८ ले नेपालमा कृषिका लागि मेशिनको प्रयोग बढेको देखाएको छ । कृषि कार्यमा ट्याक्टरको प्रयोग गर्ने किसानको संख्या १० वर्षमा दोब्बर बढेर ४० प्रतिशत पुग्नु भनेको सकारात्मक संकेत हो । तर, उपकरणहरूको प्रयोग बढे पनि त्यसको अनुपातमा कृषि उत्पादन भने बढ्न सकेको छैन । त्यसैले उत्पादकत्व बढाउन सहयोग पुग्ने खालको उपकरणको प्रयोग बढाउने आवश्यकता एकातिर देखिएको छ भने अर्कातिर बीउ, मल र सिँचाइको समस्या पनि समाधान हुनुपर्ने देखिएको छ । कृषिलाई दुःखको पेशा मानिन्छ । खनजोत, गोडमेल, बाली भित्त्याउने लगायत सबै काममा शारीरिक श्रम गर्नुपर्छ । हिलोमैलोसँग जुधेर मात्रै खेतीपाती गर्न सकिन्छ । यसरी गरिएको उत्पादनले उचित बजार र मूल्य नपाउने समस्या छँदैछ, त्यसमाथि विभिन्न कारणले उत्पादन नै भित्त्याउन नपाइने जोखिमसमेत रहेको छ । त्यसो हुँदा सकेसम्म कृषि पेशा अपनाउन नपरोस् भन्ने सोच आममानिसमा पाइन्छ । यो प्रवृत्ति र मनोवृत्तिमा परिवर्तन ल्याउने काम मेशिनहरूको प्रयोगले गर्छ । जति धेरै काममा मेशिन प्रयोग हुन्छ, त्यति नै शारीरिक दुःख कम गर्नुपर्छ, त्यति नै साफसुग्घर भएर पेशा अपनाउन सकिन्छ । त्यसैले कृषिमा मेशिनको प्रयोग बढाउन आवश्यक छ ।

कृषि गणनाअनुसार २०६८ मा किसान परिवारसँग ३७ हजार थान ट्याक्टर भएकामा २०७८ मा ५८ हजार पुगेको छ । दश वर्षको अवधिमा पावर ट्रिलर/मिनी ट्रिलर प्रयोग गर्ने किसानको संख्या ७६ हजारबाट बढेर ४ लाख ७१ हजार पुगेको पाइन्छ । पावर ट्रिलर/मिनी ट्रिलरको संख्या पनि १० हजारबाट बढेर १ लाख १८ हजार पुगेको छ । थ्रेसर तथा बाली झाँट्ने औजारको प्रयोग गर्ने किसान परिवारको संख्या पनि ८ लाख ३ हजारबाट बढेर ११ लाख ७५ हजार पुगेको छ । परम्परागत हलोको प्रयोग गर्ने किसानको संख्या भने १० लाख ७३ हजारबाट घटेर ७ लाख ३ हजारमा सीमित हुन पुगेको छ । यसरी कृषि कार्यमा मेशिनको प्रयोग बढेको छ । तर, यो अपर्याप्त छ । नेपालको खेती गरिने जग्गा, खेतीमा संलग्न जनशक्तिको अवस्था आदि हेर्दा साना खालका उपकरणहरूको व्यापक प्रयोग आवश्यक देखिन्छ । माटो खन्नेदेखि अन्नबाली भित्त्याउनेसम्ममा यस्ता मेशिनको प्रयोग बढाउन आवश्यक छ । सरकारले कृषि उपकरण खरीदका लागि अनुदान दिएकाले पनि यसको प्रयोग बढेको हो किनभने अनुदानका कारण यस्ता उपकरणको मूल्य कम पर्छ । नेपालबाट आधुनिक खेतीपाती सिक्न विदेश गएका युवा तथा विदेशमा काम गरेर फर्केका युवाले त्यहाँको जस्तो उपकरण नपाएपछि पुनः विदेशिएको पाइन्छ ।

नेपालको कृषिक्षेत्रको अर्को समस्या समयमा मल उपलब्ध नहुनु हो । यसका लागि सरकारले योजना बनाएर काम गर्नुपर्छ । कुन किसानलाई कति मल चाहिन्छ भन्ने विवरण सरकारसँग हुने र सोहीअनुसार वितरणको व्यवस्था मिलाउने हो भने यसमा रोइकराई गर्नुपर्ने कुनै कारण छैन । तर, अहिलेसम्मका सरकारलाई यत्ति काम गर्न पनि चासो छैन । सरकारले खेतीको याममा आवश्यक मल आपूर्ति गर्न नसकेर आफ्नो कमजोर क्षमता प्रदर्शन गरिरहेको छ । त्यसैले नेपालको आवश्यकताअनुसारका कृषि औजार निर्माणमा आवश्यक अनुसन्धान र विकासका लागि लगानी गर्ने तथा इमानदार भएर काम गर्ने हो भने कृषि पेशा गर्विलो बन्नेतर्फ थप उन्मुख हुने अपेक्षा गर्न सकिन्छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# पर्यटन क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न किन सक्दैन सरकार ?



◆ रामशरण नेपाल

नेपालमा आर्थिक मन्दी तथा विदेशी मुद्राको सञ्चिती ज्यादै संकुचनको अवस्थामा छ । प्रशस्त विदेशी मुद्राको आम्दानी हुने क्षेत्र भनेको पर्यटन व्यवसाय हो । तर यो क्षेत्र सरकारको मूल नीतिभित्र पर्न नसकेकाले सोचे जस्तो प्रगति गर्न भएको छैन । विश्वका कैयौँ सम्पन्न र ाष्ट्रहरूले प्राथमिकतामा राखी पर्यटनलाई विदेशी मुद्रा र राजस्वको प्रमुख स्रोत समेत मानेका छन् । तर हाम्रो देशमा अहिलेसम्म पर्यटनलाई उद्योगको समेत मान्यता दिइएको छैन ।

बाह्य मुलुकबाट कच्चा पदार्थ आयत गरी विभिन्न जोखिमहरूको सामना गरी वस्तु उत्पादन बिक्री गर्ने उद्योगधन्दा जस्तो होइन पर्यटन व्यवसाय । राम्रो नीति निर्माण भएमा ठूलो लगानीबिना नै प्रशस्त विदेशी मुद्रा आर्जन गर्न सकिने क्षेत्र हो यो । पर्यटन उद्योगबाटै लाखौँ मानिसलाई रोजगारी पनि सिर्जना हुन सक्छ । पर्यटकका लागि प्रकृतिबाट प्राप्त वातावरणले नै घुम्नका लागि बढी प्रेरित गर्ने गर्छ । यसको साथै धार्मिक, सांस्कृतिक मनोरञ्जनका लागि पनि पर्यटक घुम्ने गर्छन् । तर प्राकृतिक वातावरणमा घुम्न निस्कने पर्यटक तुलनात्मक रूपमा लामो समय बस्छन् र बढी खर्च गर्छन् । नेपालमा हामीसँग भएका अथाह प्राकृतिक सौन्दर्य, प्राकृतिक भू–बनोट र संसारमै उत्कृष्ट उच्च हिम शृत्तलाहरूको हिसाबले नेपालको पर्यटनको प्रतिस्पर्धा विश्वको कुनै पनि देशले गर्न सक्दैनन् । अझ हाम्रो एकै क्षेत्र एउटै समुदायभित्र विभिन्न मिश्रित जातजाति, धर्म, कला, संस्कृतिहरू पनि संसारमै भिन्न खालका छन् । हाम्रो ऐतिहासिक, पुरातात्त्विक सम्पदा, कलात्मक मठमन्दिर पनि संसारमै उत्कृष्ट छन् । त्यसैले संसारका लाखौँ मानिस नेपाल घुम्न लालायित छन् । बेफुर्सदी, व्यस्त जीवनशैली मानसिक रूपमा पनि केही समय निकालेर रिफ्रेसमेन्टका लागि नेपाल संसारकै उत्कृष्टमध्ये एक गन्तव्य बन्न सक्छ । अहिले देशमा रहेका मूर्त अमूर्त कला, संस्कृति, पुरातात्त्विक ऐतिहासिक सम्पदाहरूको अध्ययन अनुसन्धान, खोज तथा बुझ्ने परिपाटी (ट्रेन्ड) बढ्न थालेको छ । त्यसकारण पनि हामीसँग देशभर छरिएर रहेका यस्ता धरोहरको खोज, संरक्षण, जीर्णोद्वार, उत्खनन्, सम्बर्द्धन गर्न जरूरी छ । यस्ता कयौँ महत्वपूर्ण धरोहरहरूको संरक्षण हुन नसकी बेवारीसे अवस्थामा रहेका छन् । अझै कैयौँ ऐतिहासिक ठाउँ जो विश्व सम्पदा सूचीमा सूचीकृत हुन हामीसँग प्रशस्तै प्रमाण समेतको सम्भावना हुँदाहुँदै पनि सरकारी स्तरबाट पहल हुन सकेको छैन । अब तीन तहको सरकार तथा अन्य सरोकारवालाहरूका समन्वयमा विश्व सम्पदा सूचीमा सूचीकृत गर्न छिटो जुट्न जरूरी छ ।

देश सङ्घीय संरचनामा गइसकेको अवस्थामा अब पर्यटन नीति सोही अनुरूप बन्नुपर्छ । त्यही २०३५ मा बनेको बुढो ऐनलाई तत्काल परिमार्जन गरी अहिलेको पर्यटन विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्ने स्तरमा बन्नु पर्दछ । अबको पर्यटन नीतिमा विशेष गरी ग्रामीण पर्यटनलाई पहिलो प्राथमिकतामा राखी स्थानीय उत्पादन र उपभोग स्थानीय स्तरमा गर्ने नीति बन्नु जरूरी छ । तीनै तहको सरकारको तालमेल हुनुपर्दछ । आपसी समन्वयमा नयाँ गन्तव्यहरूको पहिचान गरी ती स्थानमा पर्याप्त पर्यटनमैत्री पूर्वाधारको निर्माणमा तिनै तहको सरकार जुट्नु पर्दछ । प्राथमिकीकरणका आधारमा केन्द्र, प्रदेश, स्थानीय कुन निकायको हो वर्गीकरण गरी पर्याप्त पूर्वाधार निर्माण गरिदिन सक्ने हो भने मात्र निजी क्षेत्रले त्यस क्षेत्रमा लगानी गर्ने वातावरण बन्न सक्छ । त्यस्ता स्थानमा पूर्वाधार निर्माण गर्दा सकेसम्म प्राकृतिक क्षति कम गरी निर्माण हुनु पर्दछ । अहिलेको गलत ट्रेन्डले बिना योजना अनावश्यक ठाउँहरूमा घरघरमा मोटर बाटो पुर्‍याउने नाममा डाँडाकाँडा बन जङ्गल छियाछिया गरी नष्ट गर्ने काम तत्काल रोकिनुपर्छ । पर्यटन विकासका नाममा हरियाली जङ्गल विनाश गरी डाँडाको टुप्पामा भ्युटावर निर्माण गर्ने कार्य तत्काल बन्द हुनु पर्दछ । हिल स्टेसन तथा अन्य पूर्वाधार निर्माण गर्दा पर्याप्त अध्ययन गरी प्राविधिक हिसाबमा उपयोगिता (प्लानिङ) सहित निर्माण गर्नुपर्दछ । जसले गर्दा करोडौँ सरकारी सम्पति सदुपयोग हुनेछ ।

वर्ल्ड टुरिजम अर्गनाइजेसन (डब्लूटीओ) विश्व पर्यटन सङ्गठनको डेटा अनुसार लगभाग ४० प्रतिशत पर्यटक एक्सट्रिम स्पोर्ट (साहसिक) पर्यटनमा रमाउन चाहन्छन् । भौगोलिक तथा प्राकृतिक हिसाबले नेपाल तुलनात्मक रूपमा उत्तम गन्तव्य हो । अन्य उद्देश्यले भ्रमणमा निस्कने पर्यटकभन्दा साहसिक खेल खेल्ने, उच्च भू–भागको पदयात्रा गर्ने, हिमाल चढ्न रमाउने पर्यटकले बढी खर्च गर्दछन् । उनीहरूको बसाइ पनि लामो हुन्छ । बन्जिजम्प, प्याराग्लाइडिङ, जिपलाइन, रक क्लाइम्बिङ, डाउन हिल माउन्टेन बाइकिङ, रिभर प्याफ्टिङ, क्यानोनिङ, लगायत अन्य थुप्रै साहसिक गतिविधिको अन्तर्राष्ट्रिय प्रतिस्पर्धा आयोजना गरी विश्व बजारीकरणमा जानुपर्छ । अबको पर्यटन नीतिमा परिमार्जन गरी प्रतिबन्धित ट्रेकिङ रूटहरू खुलाउनुपर्छ । खास गरी अहिले एभरेस्ट, अन्नपूर्ण, लाङ्टाङ जस्ता गन्तव्य मात्र प्रमुख रूपमा रहेका छन् । अब नयाँ गन्तव्य पनि पहिचान गर्नु जरूरी भइसक्यो । कतिपय रूट भूकम्पपछि बिग्रिएका, भत्किएका कारण सञ्चालनमा आएका छैनन् । कतिपय हिमालहरूको पनि आरोहण प्रतिबन्धित छ । अब अध्ययन गरी ती हिमालको पनि आरोहण खुलाउनु पर्दछ ।

भित्री मधेश वा तराईका खेतीपाती नहुने र वनजङ्गल नभएका स्थानहरूलाई प्रशस्त साहसिक गतिविधिहरू गर्न सकिन्छ । ठूला ठूला खेल मैदान निर्माण गरी अन्तर्राष्ट्रिय स्तरका खेल प्रतियोगिता आयोजना गरी पर्यटक बढाउन सकिन्छ । एटीभी राइड जसका लागि विभिन्न खाले ट्रेलहरू निर्माण गर्न सकिन्छ । डेजार्ट, मड, मोटर कार्स रेसिङ, हर्स राइडिङ (अटो रेसिङ) लागि रेसिङ स्पोर्ट निर्माण गर्न सकिन्छ र विभिन्न प्रतिस्पर्धा पनि गराउन सकिन्छ । हामीसँग विशाल छिमेकी देश भारत र चीन सिमाना भएका कारण भारतीय र चिनियाँहरू क्यासिनो बजारका प्रमुख ग्राहक हुन् । करोडौँ पर्यटक क्यासिनो बजारमा जाने गर्छन् । त्यसैले उनीहरूलाई आकर्षण गरी क्यासिनो हबका रूपमा सुविधा सम्पन्न होटलसहित क्यासिनो निर्माण गर्न जरूरी छ । ठूला नदीहरूमा ह्वाइट वाटर न्याफ्टिङ सञ्चालन गरी विश्वका पर्यटक आकर्षित गर्न सकिन्छ ।

नेपालको लगभग ८० प्रतिशत भू–भाग (भूगोल) पहाडी भिरालो डाँडाकाँडा पर्वतीय क्षेत्र हुन् । यस्ता भूगोलमा अबको नीति हिल एग्रिकल्चर तथा इको टुरिजममा जान सके नेपालको पर्यटन दिगो रूपमा अगाडि बढ्न सक्छ । भूगोल र मौसमी हावापानी अनुकूल उच्च पहाडी तथा हिमाली क्षेत्रमा आलु, चिया, कफी, स्याउ जस्ता अन्य प्रकारका खेती तथा भेडीगोठहरू तथा खर्कहरूमा प्रशस्त भेडा, च्याङ्ग्रा, चौँरीहरू पालन गरी दुग्ध पदार्थबाट थुप्रै चिज उद्योग खोल्ने यस्ता ठाउँमा राम्रा गेस्टहाउस, रिसोर्ट, लज, प्राइभेट स्कुल, हस्पिटल निर्माण गर्ने, केवलकार जस्ता पूर्वाधार निर्माण गर्ने, हिलस्टेसन निर्माण गर्ने, बौद्ध गुम्बा तथा बौद्ध अध्ययन केन्द्रहरू निर्माण गरी लामो समयसम्म बस्ने पर्यटक भित्र्याउन सकिन्छ । नेपाल जैविक विविधताको क्षेत्रमा विश्वको २७ औँ स्थान र एसिया महादेशमा ११ औँ धनी राष्ट्र मानिन्छ । त्यसैले पर्यापर्यटन पनि प्रबल सम्भावना रहेकाले यस्ता भू–भागमा विविध जडीबुटी खेती गरी मेडिसिनल प्लान्ट खोल्ने र उक्त विषयमा अध्ययन तथा अनुसन्धानका लागि लामो समयसम्म बस्ने पर्यटक भित्र्याउन सकिन्छ । महाभारत रेन्ज तथा अन्य पहाडी वनक्षेत्रमा बागवानी उद्यान निर्माण गरी अनुसन्धान, अध्ययन केन्द्र निर्माण गरेर पनि पर्यटक भित्र्याउन सकिन्छ ।

विभिन्न जातका हावापानी अनुकूलको फलफूलखेती गरी ब्रान्डेड वाइन, रक्सीहरू तथा पेयपदार्थको उत्पादनका साथै बिक्री वितरण गरी स्थानीय स्तरमा उपभोग गर्न सके विदेशी मदिराको आयातलाई न्यूनीकरण गरी विदेशीने पैसालाई नेपालमा रोक्न सकिन्छ । पर्यटकलाई पनि स्थानीय स्वाद दिन सकिन्छ । अझ अन्य कृषि उपजलाई पनि विषादी तथा कीटनाशक औषधीको प्रयोग नगरी पूर्ण अर्गानिक उत्पादनमा जान जरूरी छ । आन्तरिक पर्यटकहरूका लागि पनि लक्षित प्याकेजहरू ल्याउन पहल गर्ने ।

### पर्यटन विकासमा फड्को मार्न निम्न कार्य अपरिहार्य छः

हाल पर्यटन क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी भित्रिने क्रम बढेको छ । नेपालका व्यापारिक घरानाका व्यवसायीसमेत (हस्पिटालिटी) पर्यटन

*बाँकी पृष्ठ ३ मा*

# कति गुनिलो फर्सीको बियाँ

पाकेको फर्सी खाएपछि त्यसको बियाँ के गर्नु हुन्छ ? गुँदी सफा गर्दा बियाँ पनि फ्याँकिदिनु हुन्छ ? तपाईँलाई थाहा छ फर्सीको बिउँमा पोषक तत्त्व भरपुर पाइन्छ । यसको नियमित प्रयोगको फाइदा थाहा पाउनु भयो भने तपाईँले पनि बियाँ फ्याँक्न छाड्नु हुनेछ । फर्सीको बियाँमा प्रोटीन, फ्याट, फाइबर, म्यागजिन, कपर म्याग्नेशियम, फोस्फरस, जिंक, आइरनजस्ता महत्वपूर्ण खनिज पाइन्छ । नियमित रूमा यसलाई खाँदा शरीरमा मिनरल्सको अभाव हुन्न । यसका अन्य कयौँ फाइदा पनि छन् । यीमध्ये केही यस प्रकार छन्ः

## ब्लड सुगर कम गर्न उपयोगी

केही अनुसन्धानहरूले के देखाएका छन् भने फर्सी र फर्सीको बिउँ खाँदा ब्लड सुगरका मात्रा कम हुन्छ । नियमित रूपमा दिनमा ६५ ग्राम फर्सीको बियाँ खाने वयस्कहरूले कार्बोहाइड्रेड्स धेरै भएको भोजन गर्दा पनि ब्लड सुगरको स्तर कम र हेको एउटा अनुसन्धानमा पाइएको थियो । अर्को एउटा अनुसन्धानमा भने फर्सीको बियाँमा पाइने खनिज म्याग्नेशियमको नियमित २८ वर्षसम्म सेवन गर्दा मधुमेहको खतरा १५ प्रतिशतसम्म कम हुन्छ ।

## मुटु स्वास्थ्य हुन्छ

फर्सीको बियाँ एन्टिअक्सिडेन्ट्स, म्याग्नेशियम, जिंक र अनस्याचुरेटेड फ्याटको राम्रो स्रोत हो । यी सबै पोषक तत्त्वले मुटुलाई स्वस्थ राख्न मद्दत गर्छ । यसमा पाइने तेलले रक्त चाप र कलस्ट्रोलको स्तर घटाउँछ । यसले मुटुसम्बन्धी रोगको खतरा कम हुन्छ ।

## वीर्यको स्तरमा सुधार

जिंकको अभाव हुने पुरूषमा वीर्यको स्तर राम्रो हुन्न । जसले गर्दा ती पुरूषमा बाँझोपनाको समस्या बढ्न सक्छ । फर्सीको बिउँ जिंकको राम्रो स्रोत हो । यसको सेवनले वीर्यको स्तरमा सुधार आउन सक्छ ।

## निद्रामा सुधार

फर्सीको बियाँको उपभोगले निद्राको स्तरमा सुधार आउँछ । तपाईँलाई राम्रोसँग निद्रा लाग्दैन भने सुत्नु अघि ८-१० ओटा फर्सीको बियाँ खानुस् । यसमा ट्राइप्टोफाम नामक एमिनो एसिड हुन्छ । यसले निद्राको स्तर सुधार्छ ।

# पर्यटन क्षेत्रमा दक्ष जनशक्ति ..…


दक्ष कामदारको अभाव तथा पर्याप्त तालिम तथा प्रशिक्षणको अभावले दिन प्रतिदिन पर्यटन क्षेत्रमा कार्यरत कामदार श्रमिक विदेश पलायन हुने र युवाशक्ति विदेश पलायन हुने क्रमले पर्यटन क्षेत्रमा श्रमिकको चरम अभाव हुन थालेको छ । कतिपय व्यवसायी त कामदार अभावकै कारण आफै पलायन हुँदैछन् ।


क्षेत्रमा आकर्षित भई ठूला लगानी गरिहेका छन् । त्यस अनुपातमा हामीले पर्यटकको सत्त्या बढाउन सकिरहेका छैनौँ । सिजनमा समेत सोचेजस्तो अकुपेन्सी भएको छैन । अझ मझौला तथा साना व्यवसाय त स्वदेशी आन्तरिक पर्यटकले मात्र धानेको अवस्था छ । अब निजी क्षेत्र मात्र होइन सरकारी स्तरबाटै अन्तर्राष्ट्रिय फोरममा नेपालको पर्यटनको विषयमा प्रचार प्रसार गर्नुपर्छ । यही उद्देश्यले करोडौँ सरकारी बजेट खर्च गरी गठन भएका सरकारी निकायहरूलाई पनि एड्भान्स र एक्टिभ बनाउन जरूरी छ । विदेशमा रहेका हाम्रा राजदूतहरूले पनि नेपालमा पर्यटक पठाउन भूमिका खेल्न सक्छन् । तर त्यसो भएको पाइँदैन ।

विदेशी पर्यटक नेपालसम्म आउन हवाई यात्रा ज्यादै झन्झटिलो भएको गुनासो धेरै आउने गरेको छ । नेपालसम्म आउन सहज माध्यम नै छैन । हाम्रो र ाष्ट्रिय ध्वजा वाहक नेपाल एयरलाइन्सलाई तत्काल चुस्त दुरूस्त बलियो बनाउन जरूरी छ । नेपाल सरकारले नेपालको आकाशको उडानप्रति नकारात्मक धारणालाई तत्काल सुधार्नु जरूरी छ । यसका लागि अन्तर्राष्ट्रिय रूपमै पहल गर्नु पर्दछ । अहिले नेपाल एयरलाइन्स तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई केवल राजनीतिक भर्तीकेन्द्र तथा भ्रष्टाचारको अखडाका रूपमा मात्र सीमित नराखी अब अन्तर्राष्ट्रिय विश्व बजारमा प्रतिस्पर्धी बन्न सक्ने एड्भान्स र प्रविधियुक्त हुन जरूरी छ । पर्यटकहरू विमानस्थल झर्ने वित्तिकै त्यहाँको वातावरणले उनीहरूलाई दिक्क बनाउँछ । विमान स्थलका कर्मचारी आफ्नो कर्तव्य के हो भन्नेसम्म ख्याल राख्दैनन् । कतिपय कर्मचारी त राम्रोसँग अङ्ग्रेजी भाषासमेत बोल्न सक्दैनन् । अन्तर्राष्ट्रिय विमान स्थलको वातावरणले नै समग्र हाम्रो देशको मुहार झल्कने हुँदा तत्काल विमानस्थललाई सुधार्नु जरूरी छ । कर्मचारीहरू स्मार्ट, दक्ष, अङ्ग्रेजी भाषामा समेत पोख्त हुन जरूरी छ । अन्यथा नेपाल सरकारले नेपाल एयरलाइन्स तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलको व्यवस्थापन विदेशी कम्पनीलाई जिम्मा दिनु पर्दछ । नेपाल एयरलाइन्सले विमानको सत्त्या थप गरी छोटो तथा सरल मार्ग थोरै मात्र नाफा लिई धेरै पर्यटक बोक्न सके पर्यटकको संख्यामा वृद्धि अवश्य हुनेछ ।

नेपालभन्दा झुर गन्तव्यमा अहिले पर्यटक खचाखच ओइरिरहेका छन् । त्यहाँ शान्ति सुरक्षाका साथै राम्रो वातावरण छ । कुनै पनि पर्यटकले नेपालका कुनै पनि क्षेत्रमा जाँदा म सुरक्षित छु भनेर ढुक्क हुने सुरक्षाको प्रत्याभूति हुन जरूरी छ । ठाउँ ठाउँमा पर्याप्त सुरक्षा पोस्ट, पर्यटकको सुरक्षा निगरानी बढाउनु जरूरी छ । नेपालमा रात्रिकालीन पर्यटकीय गतिविधि खुकुलो छैन । राति १० बज्दा नबज्दै प्रशासनले दबाब दिन्छ र बन्द गर्नुपर्छ । एकाध व्यवसाय क्षेत्रमा खुला रहे पनि अन्य बन्द गर्नुपर्ने हुन्छ । यसलाई सुरक्षा मापदण्ड निर्माण गरी व्यवसायी तथा समुदायको समन्वयमा रात्रिकालीन गतिविधि पनि हुनु जरूरी छ । सबै निकायबाट पेलिने क्षेत्र नै पर्यटन भएकाले पनि यहाँ पर्यटक चाहेर पनि आउन मान्दैनन् । विभिन्न विश्व सम्पदासूचीमा रहेको तथा अन्य पर्यटकीय क्षेत्रहरूमा माग्ने तथा विभिन्न सामान बेच्ने दलालहरूको जबरजस्ती तथा बिगबिगी, बिनालाइसेन्सका पथप्रदर्शकहरूको विगविगी तत्काल रोक्नु पर्दछ । लामो ट्रेकिङ रूटहरूमा पर्याप्त सुरक्षा पोस्टहरू तथा इमर्जेन्सी रेस्क्यु भरपर्दा प्रणालीहरूको व्यवस्था गर्नुपर्छ । बन्द हड्ताल जस्ता गतिविधि सदाका लागि बन्द गर्नु पर्दछ ।

खस्कँदो गुणस्तर तथा फितलो सरकारी अनुगमन नेपाल सरकारले पछिल्लो समय परिमार्जनसहित आतिथ्य उद्योगको मापदण्ड २०७० ल्याए पनि सरकारको नियमित अनुगमन कार्यान्वयनमा सरकार सक्रिय देखिएन । वर्गीकरण नभएका कैयौँ व्यवसायबिना पर्यटन विभागको अनुमति मनोमानी आफूखुसी सञ्चालन भइरहेका छन् । सरकारको वर्गीकरणभित्र रहेका तथा तारे स्तरको कैयौँ होटलमा समेत अनुगमन गर्दा समय समयमा अखाद्य वस्तु, म्याद गुज्रेका खाद्यवस्तु भेटिएको, सरसफाइको मापदण्ड नपुगेको समाचार बारम्बार आइरहेका हामीले देखिएकै छौँ भने स्तर वर्गीकरण नै नभएका व्यवसायको स्थिति के होला ? यसको मतलव व्यवसायीहरू सबै ठीक छन् भन्ने होइन । सबै प्रकारका पर्यटन व्यवसायलाई सरकारले स्तरअनुसारको वर्गीकरण गराई नीतिबमोजिम मापदण्डभित्र अनिवार्य समावेश गराउनु पर्दछ । अनुगमनलाई नियमित गराउनु पर्दछ । व्यवसायी हामीले पनि आफ्नो कर्तव्य कति निर्वाह गऱ्यौँ भन्ने पनि हो । हस्पिटालिटी क्षेत्र एउटा संवेदनशील पेसा भएका कारण हामीले दिने सेवा सुविधाको गुणस्तर उत्कृष्ट छ वा छैन, यसले मानव स्वास्थमा प्रत्यक्ष प्रभाव पर्ने कारणले आफूले सरसफाई तथा अन्य खाद्यवस्तु पेय पदार्थको गुणस्तरको मापदण्ड पुरा गरेका छौ की छैनौ भन्ने विषयले समग्र पर्यटनको गुणस्तर झल्काउने गर्छ । पर्यटकले आफ्नो भ्रमण योजना बनाउँदा गुणस्तरको पनि ख्याल गर्ने र सेवा सुविधा गुणस्तरीय भएमा पटक पटक भ्रमण गर्ने गर्दछन् ।

दक्ष कामदारको अभाव तथा पर्याप्त तालिम तथा प्रशिक्षणको अभावले दिन प्रतिदिन पर्यटन क्षेत्रमा कार्यरत कामदार श्रमिक विदेश पलायन हुने र युवाशक्ति विदेश पलायन हुने क्रमले पर्यटन क्षेत्रमा श्रमिकको चरम अभाव हुन थालेको छ । कतिपय व्यवसायी त कामदार अभावकै कारण आफै पलायन हुँदैछन् । आफ्नो व्यवसाय नै बन्द गर्ने अवस्थामा पुगेका छन् । अब दक्ष कामदार तथा युवालाई विदेश पलायन हुनबाट कसरी रोक्ने भन्ने विषय राष्ट्रिय समस्या नै बनिसकेको छ । अझै पनि राज्य गम्भीर भएर ठोस नीति बनाई विदेश पलायनलाई रोक नलगाउने हो भने यसले अझ विकराल रूप लिँदै छ । नेपालमै राम्रो तलब सुविधासहितको रोजगारी सिर्जना गर्नुपर्ने देखिन्छ ।

व्यवसायीलाई सरकारले कर छुट दिने तथा बैङ्किङ ब्याजदर पनि संसारमै सबैभन्दा चर्कोदर नेपालमै भएका कारण पनि व्यवसाय राम्रो हुन नसकेकाले ब्याजदर कम गर्न सके श्रमिकहरूलाई व्यवसायीले अझ तलव सुविधा थप गर्न सक्नेछन् जसले गर्दा केही हदसम्म विदेश पलायनलाई न्यूनीकरण तथा दक्ष कामदारलाई रोक्न सकिन्छ ।


पर्यटन क्षेत्रका लागि लक्षित पर्यटन व्यवसयी तथा श्रमिक कर्मचारीहरू नियमित तालिम तथा प्रशिक्षण पनि अभाव देखिन्छ । जसका कारण पनि स्तरिय सेवा दिन सकिरहेका छैनौँ । अझ भौगोलिक विकटता तथा ग्रामीण क्षेत्रमा नेपाल सरकारका पर्यटन विभाग, पर्यटन बोर्ड जस्ता संस्थाले व्यवसायीको व्यावसायिक सङ्घ सङ्गठनको समन्वय र सहकार्यमा नियमित तालिम तथा प्रशिक्षण दिनुपर्छ । जसले गर्दा पर्यटकले गुणस्तरीय सेवा पाउनुको साथै हामी विश्व पर्यटन बजारमा प्रतिस्पर्धा गर्न सक्दछौँ । अहिले पनि यस्ता लक्षित कार्यक्रमका करोडौँ बजेट सरकारी निकायमै फ्रिज हुने गरेको र उपयोगविहीन अवस्थाको अन्त्य गर्नुपर्छ । गुणस्तर खस्कनुमा थोरै रकममा धेरै सुविधा प्रदान गर्न ट्राभल एजेन्ट, ब्रोकर तथा एजेन्सीहरूसँग जस्ता पनि पर्यटक बुक गर्ने, न्यूनतम दररेटको प्याकेजमा पनि बुकिङ लिने व्यवसायीको होडबाजीले गर्दा पनि अस्वस्थ प्रतिस्पर्धाले गर्दा होटलको गुणस्तरमा कमी आएकाले तत्काल यो प्रवृत्ति बन्द गर्नुपर्छ । पर्यटकको सत्त्या भन्दा गुणस्तरीय पर्यटकलाई लक्षित गर्नुपर्दछ ।

हामीले सिकाएको पर्यटन व्यवसाय आज भुटानले हामीलाई उछिनेर धेरै माथि पुगिसक्यो । भुटानले पर्यटन क्षेत्रमा धेरै विकास गरिसकेकोले अब नेपालले भुटानको पर्यटन मोडलमा जानुपर्छ । इन्डोनेसिया (बाली) मोडलमा जाने प्रयास गर्नुपर्दछ ।

त्यही २०३५ सालको पर्यटन ऐनले अब पर्यटन अघि बढ्न सक्दैन । पर्यटन मन्त्रालय हाल नयाँ ऐनका लागि मस्यौदा तयारीमा जुटिरहेको भन्ने सुन्दैछु । पर्यटन ऐन होस् वा मौद्रिक नीति ल्याउँदा होस् राष्ट्र बैंकले गर्ने निर्णयमा, बजेट निर्माण गर्दा होस् पर्यटन क्षेत्रबाट पनि अनिवार्य प्रतिनिधित्व गराउन आवश्यक छ । यस क्षेत्रको विकासमा के कस्तो नीति आवश्यक हुन्छ भन्ने जानकारी त तीनै व्यवसायीलाई मात्र थाहा हुन्छ । २५ हजार भारतीय रूपैया भन्दा बढी रकम साथमा लिएर आउन नपाउने भारतिय पर्यटकहरूमा लगाइएको बन्देज अव्यावहारिक भएकाले तत्काल सच्याउनु जरूरी छ । बोर्डर तथा विशेष गरी दक्षिण नाकाबाट नेपाल आउने भारतीय पर्यटकलाई अनावश्यक चेकजाँचका नाममा ठाउँठाउँमा दुःख दिने गुनासो पनि व्यापक आउने गरेको हुनाले यसलाई पनि तत्काल सहजीकरण गर्नु जरूरी छ ।


(-मकवानपुरको चित्लाङ निवासी लेखक, पर्यटन व्यवसायी एवं होटल तथा पर्यटन व्यवसायी संघ नेपाल, बागमती प्रदेशका सदस्य हुन् ।)








# हेटौँडामा च्यालेन्ज कप फुटबल प्रतियोगिता हुने

◆ विकास संवाददाता

स्वर्गीय सुदर्शन घिमिरेको स्मृतिमा आगामी मंसिर ५ गतेदेखि हेटौँडामा हुने यु-२१ हेटौँडा च्यालेन्ज कप फुटबल प्रतियोगिता-२०८० का लागि हेटौँडा ५, पिप्लेस्थित जेनिथ कलेजका सञ्चालक अनिल पाण्डेले ६५ हजार रूपैयाँ सहयोग प्रदान गरेका छन् । पाण्डेले प्रतियोगिता आयोजनाका लागि सहयोग गर्न स्वतःस्फूर्तरूपमा सहयोग गरेको प्रतियोगिताको आयोजक एफसी मुण्डियालका सञ्चालक सुविन घिमिरेले जानकारी दिए ।

प्रतियोगिताको प्रथम पुरस्कार सुदर्शन घिमिरेकी श्रीमति सुष्मा घिमिरेले प्रायोजन गरेका छन् । प्रथम पुरस्कार वापतको एक लाख ११ हजार एक सय ११ रूपैयाँ चेक सुष्मा घिमिरेले आयोजक समितिलाई हस्तान्तरण गरेका थिए । हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगितामा हेटौँडाका क्लबहरूको सहभागिता रहनेछ । प्रतियोगितामा क्लबले देशभरका खेलाडीलाई अनुबन्धन गराउन सक्ने प्रतियोगिताका संयोजक सुदीप सिंह ठकुरीले जानकारी दिए । युवा खेलाडीलाई प्रोत्साहन गर्न उमेर समूहको प्रतियोगिता आयोजना गर्न लागिएको संयोजक ठकुरीले बताए ।

प्रतियोगितामा दोस्रो हुने टिमले ५५ हजार पाँच सय ५५ रूपैयाँ प्राप्त गर्नेछ । एफसी मुण्डियालका प्रमुख सुविन घिमिरेले प्रतियोगिता आयोजनाका लागि करिब पाँच लाख रूपैयाँ लागत अनुमान गरिएको र प्रायोजकहरूसँग सहकार्यका लागि प्रयास भइरहेको जानकारी दिए ।

# बढी भाडा लिने सवारी साधनलाई कारबाही





◆ विकास संवाददाता

जिल्ला प्रहरी कार्यालय मकवानपुरले बढी भाडा लिने सवारी साधनलाई कारबाही गरेको छ । दशैंको मौका छोपेर यात्रुसँग तोकिएको भन्दा बढी भाडा लिने सवारी साधनलाई मकवानपुर प्रहरीले कारवाही गरेको हो । यात्रुबाट सवारी साधनले बढी भाडा लिएको गुनासो आएपछि ट्राफिक प्रहरीले बढी भाडा लिने सवारी साधनलाई कारवाही गरेर बढी लिएको भाडा रकम यात्रुलाई फिर्ता गरेको छ ।

दसैं अवधिभर ट्राफिक प्रहरीले ८ सवारी साधनबाट बढी भाडा वापत २० हजार २ सय ५० रूपैयाँ यात्रुलाई फिर्ता गराएको जिल्ला ट्राफिक कार्यालय हेटौँडा मकवानपुरका प्रमुख वसन्त आचार्यले जानकारी दिए । बढी भाडा लिने र ट्राफिक नियम पालना नगर्नेहरूलाई जनही १ हजारदेखि ५ हजारसम्म जरिवान गरिएको समेत आचार्यले बताए । ट्राफिक प्रहरीका अनुसार दसैं अवधिमा मादक पदार्थ सेवन गरेर सवारी साधन चलाउने १५ जना, सिट क्षमताभन्दा बढी यात्रु बोक्ने १ सय ३७ सवारी र यात्रुको टिकट नकाट्ने ३१ सुमोलाई कारवाही गरिएको हो । हेटौँडा-काठमाडौं सुमोभाडा दर ६ सय ५० तोकिए पनि यात्रुसँग १८ सयदेखि १२ सयसम्म लिएको भेटिएपछि प्रतिव्यक्ति ५ सय ५० र १ सय ५० सम्म रकम फिर्ता गराइएको उनले जानकारी दिए ।

सर्लाही-काठमाडौं १२ सय भाडादर तोकिएको भए पनि दुई हजारसम्म लिएकोमा प्रतिव्यक्ति आठ सय रकम फिर्ता गराइएको छ । त्यस्तै, सिमरा-काठमाडौं सुमो भाडादर ८ सय ५० तोकिएको भए पनि एक हजारसम्म यात्रुसँग लिएको भेटिएकोमा प्रतिव्यक्ति १ सय ५० रकम फिर्ता गराइएको मकवानपुर ट्राफिक प्रहरीले जनाएको छ । निजगढ-काठमाडौं ८ सय ५० भाडादर तोकिएको भए पनि १ हजार ५ सय लिएकोमा प्रतिव्यक्ति ६ सय ५० रकम फिर्ता गराइएको प्रहरीले जानकारी दिएको छ ।

# मकवानपुरगढीः जीर्णोद्धार पछि व्यवस्थित र सुन्दर हुँदै

◆ विकास संवाददाता



मकवानपुरगढीको जीर्णोद्धार कार्य भइरहेको छ । भग्नावशेष मात्र बाँकी रहने अवस्थामा पुगेको ऐतिहासिक मकवानपुरगढी जीर्णोद्धारसँगै पुराना आकृति अंकित संरचनाहरूलाई व्यवस्थित र सुन्दर बनाएको देखिन्छ ।

ऐतिहासिक महत्त्वको मकवानपुर गढी दरबार सामान्य मर्मत सम्भारको अभावमा जीर्ण बन्दै गएपछि पुरातत्त्व विभागले केही समय अघि जीर्णोद्धार सुरू गरेको थियो । पुरातत्त्वले मकवानपुर गढी दरबार परिसरमा रहेको श्री कृष्णको मन्दिरको पश्चिमतर्फ र पूर्वतर्फ रहेको दरबारको भग्नावशेष मर्मत गरेको थियो । मकवानपुरगढी गाउँपालिका-२ मा अवस्थित उक्त गढी किल्लाभित्र रहेका दरबार, मन्दिर र पर्खालहरू भत्किएर जीर्ण बनेका थिए । पुरातत्त्वले मकवानपुरगढीको भत्किएका भागहरूलाई मर्मत गरी पुरानै आकृतिमा संरचनाहरू निर्माण गरेको छ । मन्दिरको पश्चिमतर्फ रहेको दरबार भत्किएर ढुंगाको थुप्रो भैँ बनेको थियो । तर, पुरातत्त्वले जीर्णोद्धार गरेसँगै सो दरबार पुरानै अवस्थामा देखिन थालेको छ । सो दरबारको काठका खाबो परिवर्तन गरिएको छ भने भत्किएका भित्ता मर्मत गरिएका छन् । आँखी झ्यालसहित भुइँ तलालाई

पुरातत्वले मन्दिरको पूर्वतर्फ रहेको मकवानपुरगढी दरबारको भग्नावशेष यथास्थितिमै जीर्णोद्धारसहित मर्मत तथा संरक्षण गर्ने योजना अनुरूप भत्किएका भित्ताहरूलाई मर्मत गरेको छ । दरबार प्रवेश र द्वारअगाडि रहेको काठको पुल चौडा पारिएको छ । दरबारको छाना र ढोका लगायतका संरचना भने हाल्न बाँकी छ ।

जीर्णोद्धारसहित छाना परिवर्तनको योजना रहे पनि रकम अपुग हुँदा योजना अनुसार काम हुन सकेन । चालु आर्थिक वर्षमा सो दरबारको संरक्षणका लागि छाना परिवर्तन लगायत अन्य काम गर्ने योजना छ । पुरानै शैलीमा मर्मत तथा संरक्षणको लागि गत आर्थिक वर्षमा पुरातत्व विभागले १ करोड १८ लाख ४३ हजार रूपैयाँ खर्च गरेको थियो । पुरातत्वले उक्त काम ठेक्का मार्फत् गर `को थियो ।

नेपालमा ठुला-साना गरी करिब २०० गढी छन् । ती सबैका आ-आफ्नै महत्त्व छन् । त्यस हिसाबले पनि मकवानपुर गढीको महत्त्व फरक छ । मकवानपुर गढीमा अवस्थित दरबारमा प्रयोग गरिएका शिलाहरूले थप सौन्दर्यता प्रदान गरेको छ । ऐतिहासिक, पुरातात्त्विक र सामरिक दृष्टिले पनि महत्त्वपूर्ण रहेको मकवानपुर गढी मकवानुपर जिल्लाको सदरमुकाम हेटौंडाबाट करिब १७ किलोमिटर उत्तरपूर्वमा पर्दछ । मकवानपुर गढीको आफ्नै छुट्टै इतिहास छ । आधुनिक नेपालको स्थापना हुनुपूर्व सेन वंशीय शासनको ऐतिहासिक बिरासतको जीवन्त इतिहास मकवानपुरगढीले बोकेको छ । परम्परागत तर उन्नत वास्तुकलाको प्रतिरूप मकवानपुरगढीले तत्कालीन समयको सामरिक महत्त्व तथा राज्यको सुरक्षात्मक उपाय झल्काएको छ ।

इसं १२५८ तिरै राजा मुकुन्द सेनले गढी बनाउन लगाएका थिए । पछि मुकुन्द सेन द्वितीयका छोरा लोहाङ सेन मकवानपुरका राजा बने । मकवानपुर गढीलाई राजधानी बनाएर सेन वंशका सात पुस्ताले मकवानपुरमा शासन गरेका थिए । मकवानपुरका अन्तिम राजा दिग्बन्धन सेन हुन् ।सेन राजाहरूले १९७ वर्षसम्म आफ्नो राजधानी बनाएको मकवानपुरगढी वि.सं. १६२२ मा लुवाङ सेनले बनाएको मानिन्छ । उनलाई नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहले पराजित गरेका थिए ।

नेपाल एकीकरणमा मकवानपुर गढीको महत्त्वपूर्ण भूमिका देखिन्छ । नुवाकोट विजयपछि पृथ्वीनारायण शाहले मकवानपुरमा हमला गरेका थिए । पृथ्वीनारायणको फौजले २१ अगस्ट १७६२ मा गढीमा आक्रमण गरेको थियो । काठमाडौँका मल्ल राजाहरूलाई कमजोर पार्ने रणनीतिअनुसार उनको रोजाइमा मकवानपुर परेको थियो ।

१८१९ भदौ ९ मा पृथ्वीनारायण शाहको फौज विजयी भएपछि मकवानपुरका राजा दिगबन्धन सेन मन्त्री कनकसिंह बानियाँसहित भागेर बंगाल पुगेका थिए । सेन त्यहाँका नवाव मिरकासिमसँग सहयोग माग्न बंगाल पुगेका थिए ।

दिगबन्धन सेनले मिरकासिमको सहयोगमा मकवानपुरगढी नियन्त्रणमा लिने उद्देश्य अनुसार पुनः आक्रमण गरे । दिगबन्धु सेनले मिरकासिमको सहयोगमा दुई हजार लडाकु र एक हजार बन्दोबस्तीसहित ३ हजार फौज लिएर गोर्खाको नियन्त्रणमा रहेको मकवानपुरगढीमा १८१९ माघ १० मा आक्रमण गरेका थिए ।

मकवानपुरगढीमा उक्लिने क्रममा शिखरकटेरीमा राति १० घण्टासम्म भएको लडाइँमा नवावको फौज पराजित भयो । त्यो लडाइँमा सानो संख्यामा रहेको गोर्खाली फौजको नेतृत्व रामकृष्ण कुँवरले गरेका थिए । गोर्खाली फौजलाई स्थानीयले घरेलु हतियारसहित सघाएका थिए । उक्त लडाइँमा मिरकासिमका तर्फबाट लड्न आएका एक हजार ७०० सैनिक मारिएका थिए भने अन्य भागेका थिए । नवावको पराजित फौजबाट थुप्रै गोलीगा र ११ थान तोप गोर्खाली सेनाले नियन्त्रणमा लिएको थियो ।

दिगबन्धन सेनले तीन कारणले मकवानपुरगढीमा पुनः आक्रमण गरेका थिए । विशेष गरी उनी आफ्नो गुमेको राज्य फिर्ता लिन चाहन्थे भने मकवानपुर गढीमा अंग्रेजको पनि चासो जोडिएको थियो । भारतस्थित अंग्रेजहरूले गोर्खाली सैन्य अभियानलाई रोक्न चाहिरहेको बखत पृथ्वीनारायण शाहको मकवानपुर विजयले उपत्यकाका मल्ल राजाहरूसँग अंग्रेजको सम्बन्ध टुटाइदिएको थियो । उपत्यकाका मल्ल राजाहरू पनि मकवानपुरबाट गोर्खालीहरू लखेटिएको हेर्न चाहन्थे । त्यसरी मकवानपुर आक्रमणका लागि दिगबन्धन सेनलाई अंग्रेज र मल्ल राजाहरूको पनि सहयोग थियो ।

गोर्खाली मकवानपुरगढी आक्रमणका क्रममा फौजले बंगाली फौजबाट लिएका गोली गा र तोप २०३६ सालसम्म गढीमै थिए । २०३६ सालमा गढीबाट उठाएर हेटौंडास्थित सेनाको सुपारेटार व्यारेकमा ल्याइएका थिए । मकवानपुरगढी भित्र वंश गोपाल मन्दिर छ । मन्दिरभित्र कृष्णलाई फलामे साङ्लोले बाँधेर राखिएको छ । मन्दिरको केही तल एउटा गुफा छ । त्यही गुफाबाट कृष्ण ओहोरदोहोर गर्थे भन्ने मान्यता छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ

फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# बक्यौता महसुल उठाउन लाइन काट्दै विद्युत् प्राधिकरण

◆ विकास संवाददाता

विद्युत् उपभोक्ताबाट असुल उपर गर्नुपर्ने विद्युत् महसुल बक्यौता वृद्धि हुँदै गएपछि नेपाल विद्युत् प्राधिकरणले त्यस्ता उपभोक्ताको लाइन काट्ने कार्यलाई तीव्रता दिने भएको छ ।

विगतमा डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् लिएका उपभोक्ताबाट असुल उपर गर्नुपर्ने बक्यौता महसुल र सडक बत्तीबापत स्थानीय निकायले तिर्नुपर्ने महसुलबाहेक अन्य उपभोक्ताबाट गत भदौ मसान्तसम्म करिब ११ अर्ब १८ करोड ६८ लाख रूपैयाँ बराबर रहेको छ ।

विद्युत् महसुल समयमा भुक्तान नगर्ने उपभोक्ताको हकमा मौजुदा महसुल संकलन विनियमावली, २०७८ बमोजिम मिटर रिडिङ भएको १६औँ दिनदेखि थप दस्तुर आकर्षित हुने व्यवस्था छ। मिटर रिडिङ भएको मितिले १६औँ दिनदेखि ३०औँ दिनसम्म पाँच प्रतिशतका दरले थप शुल्क लाग्नेछ ।

यस्तै, ३१औँ दिनदेखि ४०औँ दिनसम्म १० प्रतिशतका दरले थप दस्तुर लाग्ने प्रावधान छ । मिटर रिडिङ भएको मितिले ४०औँ दिनसम्म पनि विद्युत् महसुल नबुझाउने उपभोक्तालाई ४१औँ दिनदेखि बिलको २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६०औँ दिनसम्म पनि बक्यौता महसुल नबुझाउने विद्युत् उपभोक्ताको विद्युत् लाइन काट्न सकिने प्रावधान उक्त विनियमावलीमा रहेको छ । लाइन काटेको छ महिनासम्म पनि बक्यौता महसुल नबुझाउने विद्युत् उपभोक्ताहरूलाई कालोसूचीमा राखी असुली प्रक्रिया अगाडि बढाउने प्रावधान पनि प्राधिकरणको विनियमावलीमा छ ।

अब प्राधिकरणले विनियमावलीको यही प्रावधानका आधारमा मिटर रिडिङ भएको मितिले ६०औँ दिनसम्म पनि बक्यौता विद्युत् महसुल भुक्तान नगर्ने उपभोक्ताको चरणबद्ध रूपमा विद्युत् लाइन काटी बक्यौता महसुल असुल उपर गर्ने नीति तय गरेको प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले जानकारी दिए ।

विद्युत् महसुल बाँकी रहेका सरकारी कार्यालयहरूको विद्युत् लाइन काट्ने काम हुन्छ हुँदैन भन्ने प्रश्नको जवाफमा त्यस्ता सरकारी कार्यालयहरूको पनि अन्य उपभोक्तासरह नै विद्युत् लाइन विच्छेद गरी बक्यौता महसुल असुली अभियान अघि बढाइने प्राधिकरणले जनाएको छ ।

विद्युत् महसुल बुझाउने विषयमा सरकारी कार्यालय अझ सजग र जिम्मेवार बन्नुपर्ने प्राधिकरणको भनाइ छ । यसअघि डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् सेवा लिएका उपभोक्ताबाट असुलउपर गर्नुपर्ने बक्यौता महसुल करिब २१ अर्ब ८७ करोड ८५ लाख रूपैयाँ र सडक बत्तीबापत स्थानीय निकायहरूले तिर्नुपर्ने बक्यौता महसुल करिब छ अर्ब आठ करोड ९४ लाख रूपैयाँ रहेको छ ।

यस्तै, शीतभण्डार तथा दुग्ध चिस्यान केन्द्रलाई नेपाल सरकारको निर्णयअनुसार विद्युत् महसुलमा ५० प्रतिशत अनुदान उपलब्ध गराएको र कम करिब ६६ करोड १६ लाख रूपैयाँ सरकारबाट प्राप्त हुन बाँकी छाडेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् सेवा लिएका उपभोक्तासँगको बक्यौता महसुल बुझाउने समयसीमा तोकी प्राधिकरणले सार्वजनिक सूचना प्रकाशित गरेको छ । सो समयसीमाभित्र महसुल नबुझाउने उपभोक्ताहरूको विद्युत् लाइन काट्ने प्राधिकरणको तयारी छ। सडक बत्तीबापतको विद्युत् महसुल नतिर्ने स्थानीय निकायको नामसहित प्राधिकरणले बक्यौता महसुल विवरणसहित ४५ दिनको समय तोकी मिति गत असोज २१ गते सूचना प्रकाशित गरेको छ ।

सूचनामा तोकिएको समयमा महसुल नबुझाउने स्थानीय निकायहरूको विद्युत् लाइन काट्ने सम्बन्धमा प्राधिकरणले सम्बन्धित स्थानीय विद्युत् वितरण केन्द्रलाई निर्देशन दिइसकिएको छ ।

# थाहा महोत्सवको तयारी तीव्र, सचिवालय स्थापना

◆ विकास संवाददाता




मकवानपुरको थाहा नगरपालिमा हुन लागेको चौथो थाहा महोत्सवको तयारी तीव्र पारिएको छ । मकवानपुरको प्रमुख पर्यटकीय नगरी थाहामा ५ वर्षपछि आगामी १४ मंसिरदेखि २५ मंसिरसम्म चौथो थाहा महोत्सव हुँदैछ । यसअघि कोरोना महामारीका कारण मेला सञ्चालन हुन सकेको थिएन् । थाहा नगर उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको थाहा महोत्सवको तयारी अनुरूप १२ कात्तिकमा सचिवालय स्थापना गरिएको छ ।

शिखरकोटस्थित संघको कार्यालयमा महोत्सव सञ्चालनका लागि सचिवालय स्थापना गरेर काम अगाडि बढाइएको संघका महासचिव जर्म श्रेष्ठले जानकारी दिए । सचिवालय स्थापना कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष चुनकुमार श्रेष्ठसहित १५ जनाको टोली, थाहा नगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकाल, उपाध्यक्ष सुरेन्द्रमान प्रधान, महासचिव जर्म श्रेष्ठ, कोषाध्यक्ष प्रदीप प्रधान, सदस्यहरू इश्वर कार्की र हरेराम कार्कीको उपस्थिति थियो । उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष श्रेष्ठले थाहा नगरको उद्योग, व्यापारलाई अगाडि बढाउन दुवै संस्थाले सहकार्य गरेर जाने बताए । थाहा नगरमा लगानी भित्र्याउन चितवनले सहयोग गर्ने अध्यक्ष श्रेष्ठले प्रतिबद्धता जनाए ।

संघले अब आयोजक मूल समारोह समिति र विभिन्न उपसमिति संयोजक चयन गर्ने तयारी गरेको छ । महोत्सव इन्द्रायणीचौरमा हुनेछ । थाहा महोत्सवमा स्टल बुकिङ खुला गरिएको महासचिव श्रेष्ठले जानकारी दिए । करिव २०० स्टल रहने अनुमान गरिएको महोत्सवमा स्टल बुकिङ गर्दा ५० प्रतिशत रकम अग्रिम भुक्तान गर्नुपर्ने थाहानगर उद्योग वाणिज्य संघले जनाएको छ । संघद्वारा जारी सूचना अनुसार पशुपालन, डेरी, कृषि सामग्री तथा औजार, घरेलु हस्तकला, हर्वल तथा जडिबुटीका लागि १४ हजार शुल्क तोकिएको छ । त्यसैगरी कस्मेटिक, घडी, चश्मा, ब्लाङ्केट, व्याग, पर्स, बेल्ट, ट्याटु, मोबाइल कभर, जुत्ता, चप्पल, बैंक, वित्तीय संस्था, गैरसरकारी संस्था, भाँडा, फेन्सी तथारेडिमेड सामानहरूका लागि २५ हजार शुल्क तोकिएको महासचिव श्रेष्ठले जानकारी दिए । बहुर्राष्ट्रिय उद्योग र होटल तथा रेष्टुरेन्टका लागि ५० हजार शुल्क तोकिएको छ ।

स्टलमा प्रदर्शकले स्टलको अतिरिक्त २ थान कुर्सी, १ थान टेबल तथा विद्युतीय सुविधा पाउने आयोजकले जनाएको छ । महोत्सवको मुख्य आयोजक थाहानगर उद्योग वाणिज्य संघ र आयोजक थाहा नगरपालिका रहेको छ । मंसिर भन्दा पछाडि मेला महोत्सव गर्न थाहा नगरमा चिसो बढी हुने भएकोले दसैतिहार सकिएलगत्तै आयोजना गरिएको जनाइएको छ ।

# माओवादी थाहानगरको ६ नम्बर अध्यक्षमा रुम्बा, महर्जनलाई वाइसिएलको नेतृत्व

◆ विकास संवाददाता



जनता संग माओवादी विशेष रूपान्तरण अभियान कार्यक्रम अन्तर्गत ११ कात्तिकमा नेकपा माओवादी केन्द्रको थाहा नगरपालिका वडा नम्बर ६ स्तरीय पार्टीको वडा भेला र वाइसीएलको वडा भेला भएको छ ।

भेलाले प्रताप रूम्बाको अध्यक्षतामा २९ सदस्यीय नेकपा माओवादी केन्द्रको ६ नम्बर वडा कमिटी समेत गठन गरेको छ । कमिटिको उपाध्यक्षमा नवराज उप्रेती सचीव ईश्वर महर्जन, कोषाध्यक्ष अन्जु बलामी रहेका छन् भने राजु महर्जनको अध्यक्षतामा १७ सदस्यीय वाइसीएल वडा कमिटी समेत गठन गरिएको प्रदेश सदस्य इन्द्र बहादुर श्रेष्ठले जानकारी दिए । १७ सदस्यीय वाइसीएल कमिटिको उपाध्यक्षमा सन्तलाल रूम्बा, सचीव सन्दिप भक्त श्रेष्ठ कोषाध्यक्ष सुजल रूम्बा रहेका छन ।

अभियानका थाहा इन्चार्ज तथा उपत्यका बिशेष प्रदेशका उपाध्यक्ष प्रकाशचन्द्र पाण्डेको प्रमुख आतिथ्यतामा भएको भेलामा नेकपा माओवादी केन्द्र थाहानगर अध्यक्ष विनोद कुमार लामा, बागमती प्रदेश सदस्य इन्द्र बहादुर श्रेष्ठ, जिल्ला समन्वय समिती सदस्य अरूण रायमाझी, वाइसीएल नगर अध्यक्ष मानसिं दोङ, जिल्ला समन्वय सदस्य तथा ६ नम्बर वडा इन्चार्ज कृष्ण कार्की लगायतका अतिथिहरूको उपस्तिथि रहेको थियो ।


# वडा अध्यक्ष स्मृति फुटबल प्रतियोगिता हुने

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिका वडा नम्बर २ मा प्रथम वडा अध्यक्ष भिमान स्मृति फुटबल प्रतियोगिता हुने भएको छ । खेलकुद विकास समिति मनहरी–२ ले नेपालीहरूको महान पर्व शुभ दिपावलीको अवसरमा उक्त प्रतियोगिताको आयोजना गर्न लागेको हो ।

प्रतियोगिता यही कात्तिक २० गतेदेखि सुरू हुनेछ । त्रिरत्न प्राविको खेल मैदान मनहरी–२ मा हुने उक्त प्रतियोगितामा सहभागी हुन कात्तिक १८ गतेसम्ममा टिम दर्ता गर्नुपर्ने आयोजकले जनाएको छ । टिम दर्ता गर्न ५ हजार रूपैयाँ शुल्क लाग्नेछ भने टिममा एउटा वडाका खेलाडी अर्को वडामा समावेश गर्न नपाइने जनाइएको छ ।

उक्त प्रतियोगिताको विजेता समूहले ५० हजार ५५५ रूपैयाँ र उपविजेता समूहले २५ हजार ५५५ रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।



# कोइला खरिद गर्न नसक्दा उत्पादन बन्द

◆ विकास संवाददाता

हेटौँडा सिमेन्ट उद्योगले आर्थिक संकटको कारणबाट समयमा कोइला खरिद गर्न नसक्दा उत्पादन बन्द गरेको छ । उद्योगमा मासिक तीन हजार ६०० मेट्रिक टन कोइला खपत हुन्छ। उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले बडादशैंको बिदा हुनुअघिसम्म सो उद्योग सञ्चालनमा रहेको र त्यस अवधिमा तीन लाख बोरा सिमेन्ट उत्पादन भएको जानकारी दिए ।

उनले आर्थिक संकटका कारण बाह्य मुलुकबाट कोइला खरिद गर्न नसक्दा सोमबारदेखि सिमेन्ट उत्पादन बन्द गरेको बताए । महाप्रबन्धक पाण्डेले आर्थिक संकटबारे संघीय सरकारका उद्योग तथा आपूर्तिमन्त्री र सचिवलाई जानकारी गराएको र केही आर्थिक अनुदान उपलब्ध भएमा उद्योग पुनः सञ्चालनमा ल्याउने बताए । कूल तीन लाख बोरा सिमेन्ट काठमाडौंलगायतका विभिन्न शहरमा बिक्री वितरण तयारी गरिएको र यसको आम्दानी कोइला खरिद लगाइने उद्योगले जनाएको छ ।

चार दशक पुरानो उद्योगका मेसिन जीर्ण हुँदै गएकाले उत्पादन गर्न कठिनाइ भएको र उत्पादित सिमेन्ट सबै सहरमा बिक्री वितरण गर्न समस्या भएको जनाइएको छ । कोइला खरिद गरी ल्याइएपछि मात्रै उद्योग पुनः सञ्चालनमा




ल्याउन सकिने भएको उनले बताए । २०३३ मा लामसुरेमा स्थापित सो उद्योगले २०४३ साल मङ्सिर २६ गतेबाट व्यावसायिकरूपमा उत्पादन सुरूआत गरेको थियो । उद्योगमा करिब ३९० कर्मचारी कार्यरत छन् ।

# स्थापना दिवसमा खाद्यान्न वितरण

◆ विकास संवाददाता

नेपाल तरूण दल मकवानपुरले स्थापना दिवसको सन्दर्भ पारेर खाद्यान्न वितरण गरेको छ ।

तरूण दलको ७१ औं स्थापना दिवसको अवसरमा हेटौंडा-१४, मयुर थधापस्थित अनाथ, अपाङ्ग बाल पुनर्स्थापना केन्द्रमै पुगेर दाल, चामल, नुन, तेल, प्याज तथा आलुलगायत खाद्यान्न वितरण गरेको हो ।

नेपाल कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, कांग्रेस मकवानपुर पूर्वसभापति रघुरमण न्यौपाने, तथा सचिव इश्वर पाठकले संस्थाका अध्यक्ष रामहरि कोइरालालाई संयुक्तरूपमा खाद्यान्न हस्तान्तरण गरेका थिए ।

खाद्यान्न हस्तान्तरण गर्दै तरूण दल मकवानपुरका कार्यवाहक अध्यक्ष लिलाराज सापकोटा (सन्तोष)ले आफ्नो संगठन सदैव सामाजिक क्रियाकलापमा क्रियाशील रहेको बताए । 'हामीले स्थापना दिवसलाई रचनात्मक तवरबाट मनाउने क्रममा खाद्यान्न वितरण गरेका हौं ।', उनले यसै संस्थालाई वर्षेनी यसैगरी सहयोग गर्ने गरेको जानकारी दिए ।


## स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं !

कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिएर,

- स्वास्थ्य संस्थामा आगजनी गर्नु,
- स्वास्थ्य संस्थामा तोडफोड वा हानी नोक्सानी पुऱ्याउनु,
- स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्नु तथा चोट पुऱ्याउनु, धम्की दिनु, गाली-गलौज गर्नु वा अभद्र व्यवहार गर्नु,
- स्वास्थ्य संस्थामा तालाबन्दी गर्नु वा घेराऊ गर्नु,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने उपचार सेवामा बाधा पुऱ्याउनु,

यस्ता कार्यहरु कानूनबमोजिम दण्डनीय भएकोले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं, असल नागरिकको कर्तव्य निर्वाह गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## हेटौंडा उपमहानगरपालिकाको अत्यन्त जरुरी सूचना ।

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय



## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने बित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो<br>एफ.आई.पि.भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी.<br>पि.सि.भी.<br>दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला<br>टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरूको पालना गरौं ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

**थाहा नगरपालिका**


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी